स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकार माओत्से गुरुङको निर्देशनमा बनेको फिल्म "पेन्सन पट्टा"को टिजर सार्वजनिक गरिएको छ। शुक्रबार सार्वजनिक साढे २ मिनेट लामो टिजरले फिल्मको कथावस्तु संक्षिप्तमा प्रकाश पारेको छ। फिल्मको नामअनुसार टिजर पनि पेन्सन पट्टाकै वरिपरि घुमेको छ, जहाँ नाम नमिल्दा उत्पन्न समस्यालाई देखाइएको छ। टिजरअनुसार दयाहाङ राईका बुबा गोर्खा सैनिक हुन्छन्। बुबाको निधनपछि उनी आमालाई लिएर पेन्सन लिन पुग्छन्।

**आजको विचार...**



डा. डीआर उपाध्याय

भान्साको...
(दुई पेजमा)



अभिनेत्री प्रियंका कार्कीले पहिलो पटक निर्माण गरेको फिल्म "मास्टर्नी" आगामी भदौ ५ गतेबाट प्रदर्शनमा आउँदैछ। यसमा उनी स्वयं मरव्य भूमिकामा छिन्। फिल्मको निर्देशन भने शुभेन्दु घोषले गरेका हुन्। उनी बंगाली भाषी निर्देशक हुन्। यसअघि उनले अभिनेता जितु नेपालले निर्माण गरेको फिल्म "आइएम जितबहादुर" बनाएका थिए। शुभेन्दुले "मास्टर्नी"को सम्पूर्ण छायांकन २१ दिनमै सकाएका थिए। त्यसपछि उनले भारतमा फिल्मको पोस्ट प्रोडक्सनको काम सुरु गरे। मुम्बईको यशराज स्टुडियोमा डबिङ र सम्पादनको काम भयो।

❑ वर्ष ३२ ❑ अंक २६ ❑ २०८३ साउन २६ गते मंगलबार 11 August 2026, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### खोलामा डुबेर बेपत्ता युवक मृत फेला

**स्याङ्जा,** साउन २५/स्याङ्जाको गल्याङ नगरपालिका-७ स्थित आँधीखोलामा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका एक युवक मृत फेला परेका छन् ।

जिल्ला सल्यान, सिद्ध कुमाख गाउँपालिका-१ घर भई हाल गल्याङ नगरपालिका-११ मुडकिल्लामा बस्दै आएका अन्दाजी २५ वर्षीय बलदेव बस्नेत आइतबार दिउँसो करिब २:३० बजे आँधीखोलामा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका थिए । बस्नेत सोही स्थानमा पुल निर्माणको काममा कार्यरत रहेको बताइएको छ । घटनापछि प्रहरी चौकी गल्याङ र ३० नं. हेडक्वार्टर गुल्म, वालिङ स्याङ्जाबाट खटिएको प्रहरी टोलीले खोजतलास गरेको थियो । खोजीका क्रममा सोमबार दिउँसो सोही स्थानमा बस्नेत मृत अवस्थामा फेला परेका हुन् । प्रहरी टोलीले शव खोलाबाट बाहिर निकालेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पाल्पाली ढाकाको नयाँ यात्रामा अनुशेष

## परम्परागत सीपदेखि अन्तर्राष्ट्रिय बजारसम्म

## अमेरिकी दूतावासको उत्कृष्ट २० उद्यमीमा छनोट

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन २५/ पाल्पाका ढाका उद्यमी अनुशेष रायमाझी पुस्तौंदेखि हुँदै आएको पाल्पाको मौलिक ढाका बुनाइलाई आधुनिक व्यवसाय र नयाँ बजारसँग जोड्ने प्रयासमा छन् । यही प्रयासले उनलाई देशभरका सयौँ उद्यमीबीच अलग पहिचान दिलाएको छ । पाल्पाको सरस्वती ढाका कपडा उद्योगका सञ्चालक रायमाझी अमेरिकी दूतावास नेपालको सहयोगमा सञ्चालित 'यूएस एम्बेसी इन्टरप्रेनरशिप स्किल डेभलपमेन्ट प्रोग्राम-क्यापस्टोन एक्सेलेरेटर'का लागि देशभरबाट छनोट भएका उत्कृष्ट २० उद्यमीमा परेका छन् ।




कार्यक्रमका लागि देशभरबाट ८ सय भन्दा बढी आवेदन परेको थियो । सात प्रदेशका विभिन्न शहरमा सञ्चालन गरिएको क्षेत्रीय कार्यक्रमबाट २ सय भन्दा बढी उद्यमी छनोट गरी प्रशिक्षण दिइएको थियो । व्यवसायिक सम्भावना, नवप्रवर्तन, बजार विस्तार, उद्यमीको प्रतिबद्धता र भविष्यको योजनाका आधारमा गरिएको प्रतिस्पर्धात्मक छनोटबाट २० जना उद्यमी काठमाडौंमा आयोजित तीनदिने आवासीय क्यापस्टोन एक्सेलेरेटरका लागि छनोट भएका हुन् ।

लुम्बिनी प्रदेशको प्रतिनिधित्व गर्दै सहभागी रायमाझीले पाल्पाली ढाकाको मौलिक पहिचान संरक्षण गर्दै आधुनिक डिजाइन, व्यावसायिक उत्पादन, रोजगारी सिर्जना र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार विस्तारको योजना प्रस्तुत गरेका थिए । पाल्पामा स्थापित सरस्वती ढाका कपडा उद्योगले परम्परागत ढाका कपडासँगै टोपी, शल, साडी तथा विभिन्न लाइफस्टाइल सामग्री उत्पादन गर्दै आएको छ ।

हाल उद्योगमा ४५ जना महिलाले प्रत्यक्ष रूपमा रोजगार पाएका छन् । उद्योगले परम्परागत बुनाइ सीपको संरक्षणसँगै स्थानीय महिलाका लागि रोजगारी र आयआर्जनको अवसर सिर्जना गरेको छ । क्यापस्टोन एक्सेलेरेटरमा रायमाझीले व्यवसाय विस्तार, लगानी तयारी, निर्यात सम्भावना, एआईको प्रयोग, डिजिटल मार्केटिङ तथा अन्तर्राष्ट्रिय बजारमा पहुँचलगायत विषयमा प्रशिक्षण र मेन्टरिङ समेत प्राप्त गरेका थिए । अन्तिम चरणमा उनले लगानीकर्ता, उद्योगी तथा उद्यमशीलता क्षेत्रका विज्ञहरूसमक्ष सरस्वती ढाकाको व्यवसायिक यात्रा र भविष्यको विस्तार योजनाबारे प्रस्तुति दिएका थिए । रायमाझीका अनुसार पाल्पाली ढाका उत्पादन मात्र नभई पाल्पाको पहिचान, पुस्तौंदेखिको सीप र स्थानीय समुदायको जीविकासँग जोडिएको सम्पदा हो । आधुनिक डिजाइन र नयाँ पुस्ताको बजारसँग ढाकालाई जोड्दै थप रोजगारी सिर्जना गर्ने र पाल्पाली ढाकालाई राष्ट्रिय ब्रान्डका रूपमा स्थापित गर्दै अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने उनको लक्ष्य छ ।

क्यापस्टोन एक्सेलेरेटर अमेरिका-नेपाल व्यावसायिक कूटनीति शृङ्खलाअन्तर्गत सञ्चालित कार्यक्रम हो । कार्यक्रमले नेपाली उद्यमीलाई व्यावसायिक योजना, डिजिटल प्रविधि, एआई, लगानी तयारी, बजार विस्तार र निर्यातसम्बन्धी व्यावहारिक ज्ञान तथा नेटवर्किङको अवसर प्रदान गर्दै आएको छ । उत्कृष्ट २० उद्यमीमध्ये रायमाझीको छनोटलाई पाल्पाको परम्परागत ढाका उद्योगका लागि मात्र नभई स्थानीय सीप, महिला उद्यमशीलता र मौलिक उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्ने महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ । रायमाझीका लागि चुनौती केवल उत्पादन बढाउनु होइन, ढाकालाई समयअनुकूल बनाउनु पनि हो । -बाँकी अन्तिम पेजमा...

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# पाल्पामा जिप दुर्घटना : १० जना घाइते

**पाल्पा,** साउन २५/ यहाँको तिनाउ गाउँपालिका-४ चिउरीडाँडामा पिकअप जिप दुर्घटना हुँदा चालकसहित १० जना घाइते भएका छन् । जिल्लाको माथागढी गाउँपालिका-५ बंसिङडाँडाबाट बुटवलतर्फ जाँदै गरेको लु १ ज २२३७ नम्बरको जिप सोमबार बिहान चिउरीडाँडास्थित झुम्सा-सत्यवतीधाम जाने भित्री कच्ची सडकखण्डमा दुर्घटना हुँदा १० जना घाइते भएका हुन् ।



घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक भिमलाल भट्टराईका अनुसार दुर्घटनामा घाइते हुनेहरुमा तिनाउ गाउँपालिका-३ सत्यवतीका ३६ वर्षीय खमबहादुर डिसुवा मगर, ५१ वर्षीय नरसिंह डिसुवा मगर र ३६ वर्षीया शर्मिला डिसुवा मगर रहेका छन् । उनीहरूलाई क्रमशः खुट्टा ,टाउको, अनुहारमा चोट लागेको छ । त्यस्तै, स्याङ्जाको कालीगण्डकी गाउँपालिका-१ का १० वर्षीय सन्तोष रेश्मी , ३५ वर्षीय भुवनसिंह रेश्मी, रुपन्देही बुटवल उपमहानगरपालिका-१८ पोखराबारीकी ३६ वर्षीया दुर्गा थापा र उनका चार वर्षीय छोरा डेनिश थापा, पाल्पा माथागढी गाउँपालिका-५ का ४१ वर्षीय मनबहादुर गाहा, जिप चालक ३९ वर्षीय देवकुमार घर्ती र रुपन्देही बुटवल-१८ मोतीपुरकी ३६ वर्षीया सपना राना घाइते भएका छन् ।

घाइतेमध्ये डेनिश थापाको अवस्था गम्भीर रहेको छ भने अन्य नौं जनाको अवस्था मध्यम रहेको प्रहरी नायव उपरिक्षक भट्टराईले बताए । घाइतेहरुलाई थप उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल पठाइएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# विपत्मा सजग रहौँ

हाल मनसुन पूर्णरूपमा सक्रिय हुँदै गएको छ । मौसमविद्हरूले आगामी केही दिनदेखि देशका धेरै स्थानमा भारीदेखि अति भारी वर्षा हुने चेतावनी दिर्दै आएका छन् । यो अवधिमा बाढी, पहिरो, डुबान र नदी कटानका घटना अझ बढ्नसक्ने सम्भावना प्रबल रहेको छ । सामान्यतया जेठदेखि भदौसम्म रहने चार महिनाको मनसुनले देशभर पर्याप्त वर्षा गराएर कृषि उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । तर यही वर्षाले बाढी, पहिरो, डुबान, नदी कटान, सडक अवरोध, पूर्वाधार क्षति तथा धनजनको अपूरणीय नोक्सानी पनि निम्त्याउने गर्छ । यसकारण मनसुनलाई केवल प्राकृतिक प्रक्रिया नभई अवसर र चुनौती दुवैका रूपमा बुझ्न आवश्यक छ ।

प्राकृतिक तथा मानव सिर्जित विपत् मानव जीवनका लागि गम्भीर चुनौती हुन् । भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, महामारीजस्ता विपत् जुनसुकै समयमा पनि आउन सक्छन् । विपत्लाई पूर्ण रूपमा रोक्न नसकिए पनि पूर्वतयारी, सावधानी र सचेतनाबाट यसबाट हुने मानवीय तथा भौतिक क्षति भने निकै कम गर्न सकिन्छ । त्यसैले "विपतमा सजग रहौँ, सुरक्षित जीवन बाँचौँ" भन्ने भावना सबैमा विकास हुनु आवश्यक छ । नेपाल भौगोलिक तथा प्राकृतिक दृष्टिले विपत्को उच्च जोखिममा रहेको देश हो । वर्षायाममा बाढी र पहिरो, सुख्खायाममा डढेलो तथा आगलागी र जुनसुकै समयमा भूकम्पजस्ता विपत् आउन सक्छन् । यस्ता विपत्का समयमा आत्तिनेभन्दा संयमित भएर सही निर्णय लिनु महत्वपूर्ण हुन्छ । विपत् आउनुअघि नै सुरक्षित स्थान पहिचान गर्ने, आवश्यक सामग्रीसहित आपत्कालीन झोला तयार राख्ने, प्राथमिक उपचारको ज्ञान हासिल गर्ने र परिवारका सदस्यबीच आपत्कालीन योजना बनाउने जस्ता कामले ठूलो सहयोग पुऱ्याउँछन् । विपत् व्यवस्थापन केवल सरकार वा सुरक्षा निकायको जिम्मेवारी मात्र होइन । प्रत्येक नागरिकले आफ्नो घर, विद्यालय, कार्यालय र समुदायलाई सुरक्षित बनाउन भूमिका खेल्नुपर्छ । जोखिमयुक्त स्थानमा अनियन्त्रित रूपमा घर निर्माण नगर्ने, नदी तथा खोलाको किनारमा जथाभावी बस्ती नबसाल्ने बानी बसाल्नुपर्छ । विपत्को समयमा अफवाह फैलाउनुको सट्टा सम्बन्धित निकायबाट प्राप्त आधिकारिक सूचना पालना गर्नु पनि उत्तिकै आवश्यक छ । विपत् आएपछि मात्र सावधानी अपनाउने होइन, विपत् आउनुअघि नै तयारी गर्नु बुद्धिमानी हो । तसर्थ विपत्लाई दोष दिएर बस्नुको सट्टा आजैदेखि आवश्यक तयारी गरौँ र आफू, आफ्नो परिवार तथा समुदायलाई सुरक्षित बनाऔँ ।

## Opinion @ Social Network

"सबै आफुले चाहेजस्तो कहाँ हुन्छ र !
जिन्दगीमा कतिपय कुरा त सहेर पनि मुस्कुराउनु सिक्नुपर्छ",,,!

*(दिवस गुप्ताको फेसबुक स्टाटसबाट www.facebook.com/Diwas.Gupta)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भान्साको आँच, महँगीको ताप



डा. डीआर उपाध्याय

दिन-प्रतिदिन बढ्दै गएको महँगीले अहिले आम नागरिकको दैनिकीलाई गम्भीर रूपमा प्रभावित गरिरहेको छ । बजारमा खाद्यान्नदेखि पेट्रोलियम पदार्थसम्मको मूल्य बढ्दा निश्चित आम्दानीमा जीवन चलाउने परिवारलाई घरखर्च व्यवस्थापन गर्न कठिन हुँदै गएको छ । चामल, दाल, तेल, चिनी, तरकारी, अण्डा हुँदै खाना पकाउने ग्याससम्मको मूल्य र उपलब्धतामा देखिएको उतारचढावले उपभोक्ताको चिन्ता थप बढाएको छ । महँगी केवल बजारमा वस्तुको मूल्य बढ्नुमात्र होइन । यसको प्रत्यक्ष असर परिवारको भान्सामा पर्छ, बालबालिकाको शिक्षामा पर्छ, स्वास्थ्य उपचारमा पर्छ र दैनिक आवश्यकताका अन्य खर्चमा पर्छ । आम्दानीको स्रोत अपेक्षाकृत स्थिर रहने तर दैनिक उपभोग्य वस्तुको मूल्य निरन्तर बढिरहने अवस्थाले मध्यम तथा न्यून आय भएका परिवारको आर्थिक सन्तुलन बिगारिरहेको छ । आज एउटा परिवारले महिनाको सुरुवातमा बनाएको बजेट महिनाको अन्त्यसम्म पुग्दा परिवर्तन गर्नुपर्ने अवस्था आउन थालेको छ । हिजो जति पैसाले घर चल्थ्यो, आज त्यही पैसाले त्यति नै सामान किन्न नसकिने अवस्था छ । यही अन्तरले आमनागरिकको क्रयशक्ति कमजोर बनाउँदै लगेको छ ।

**ग्यासको अभावले थपिएको चिन्ता**

पछिल्लो समय खाना पकाउने ग्यासको उपलब्धतामा देखिएको समस्या आम उपभोक्ताका लागि अर्को चुनौती बनेको छ । ग्यासको अभाव हुँदा उपभोक्ता लामो समय लाइनमा बस्नुपर्ने, बढी मूल्य तिर्नुपर्ने वा वैकल्पिक इन्धनको खोजी गर्नुपर्ने अवस्था आउनसक्छ । खाना पकाउने ग्यासजस्तो अत्यावश्यक वस्तुको आपूर्ति नियमित र सहज हुनु राज्यको आधारभूत जिम्मेवारीभित्र पर्छ । ग्यासको आपूर्ति व्यवस्थामा समस्या आउँदा त्यसको असर केवल एउटा वस्तुमा सीमित हुँदैन । होटल, रेष्टुरेन्ट, साना व्यवसायदेखि सर्वसाधारणको घरायसी बजेटसम्म त्यसको प्रभाव पुग्छ । त्यसैले ग्यासको आपूर्तिमा देखिएको समस्या तत्काल समाधान गर्नेमात्र होइन, भविष्यमा समेत कृत्रिम अभाव सिर्जना हुन नदिने दीर्घकालीन प्रणाली विकास गर्न आवश्यक छ । केही दिनअघिमात्रै पेट्रोलियम पदार्थको मूल्य पुन: वृद्धि भएको छ । पेट्रोलियम पदार्थको मूल्य बढ्दा त्यसको असर पेट्रोल पम्पमा मात्र देखिँदैन । यातायात, ढुवानी, कृषि, उद्योग, व्यापार हुँदै अन्तत: उपभोक्ताको भान्सासम्म पुग्छ । तरकारी खेतबाट बजारसम्म आइपुग्न यातायात चाहिन्छ । चामल मिलबाट पसलसम्म पुग्न ढुवानी चाहिन्छ । उद्योगले कच्चा पदार्थ ल्याउन र उत्पादन बजारमा पठाउन इन्धन चाहिन्छ । त्यसैले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले अर्थतन्त्रका धेरै क्षेत्रमा लागत बढाउँछ । यही कारण पेट्रोलियमको मूल्य बढ्दा उपभोग्य वस्तुको मूल्यमा केही असर पर्नु स्वाभाविक हुनसक्छ । तर, पेट्रोलियमको मूल्यमा भएको सामान्य वृद्धिलाई आधार बनाएर सबै वस्तुको मूल्य अस्वाभाविक रूपमा बढाउनु भने स्वीकार्य हुन सक्दैन । भारतमा धान र चिनीको मूल्यवृद्धि तथा निर्यातसम्बन्धी प्रतिबन्ध, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य, वर्षायाममा कृषि उत्पादन तथा ढुवानीमा देखिने कठिनाइ र बर्ड्फ्लुका कारण अण्डा उत्पादनमा आएको कमी जस्ता कारणले केही वस्तुको मूल्य प्रभावित भएको व्यवसायीहरूको तर्क छ । नेपाल आयातमा निर्भर अर्थतन्त्र भएकाले छिमेकी मुलुक तथा अन्तर्राष्ट्रिय बजारमा हुने परिवर्तनको प्रभाव नेपाली बजारमा पर्नु स्वाभाविक हो । तर, प्रश्न यतिमात्र होइन-बाह्य कारणले मूल्य बढेको हो भने कति बढ्नुपर्ने हो ? वास्तविक लागत कति हो ? उपभोक्तासम्म पुग्दा कति मूल्य थपिनुपर्ने हो? यही प्रश्नको जवाफ खोज्नुपर्ने बेला आएको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा नेपालमा तत्काल मूल्य घट्दैन तर बढ्दा भने तत्काल मूल्य बढ्ने प्रवृत्तिमाथि पनि गम्भीर समीक्षा आवश्यक छ । सरकारले बजार अनुगमन, आपूर्ति व्यवस्थापन, कालोबजारी नियन्त्रण तथा उपभोक्ता हित संरक्षणका लागि सम्बन्धित निकायलाई सक्रिय बनाउन प्रयास गरिरहेको छ । सरकारका लागि अहिलेको परिस्थिति सहज छैन । अन्तर्राष्ट्रिय बजारको अस्थिरता, आयातमा निर्भरता, मौसमी उत्पादन, ढुवानीको समस्या र बजारमा देखिने अनेक प्रकारका चुनौतीबीच सरकारले काम गर्नुपर्ने अवस्था छ । सरकारले जनताको पक्षमा रातदिन काम गरिरहेको छ भन्ने उसको प्रयासबाट देखिन्छ । तर जनताको दैनिक जीवनसँग जोडिएको विषय भएकाले सरकारका प्रयासको परिणाम पनि जनताले अनुभूति गर्नसक्ने हुनुपर्छ । सरकारको राम्रो नियतमात्र पर्याप्त हुँदैन । त्यसलाई प्रभावकारी कार्यान्वयनमा परिणत गर्न सक्नुपर्छ । बजार अनुगमन भयो भन्ने समाचारभन्दा अनुगमनपछि मूल्य घट्यो कि घटेन भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ । निर्देशन जारी भयो कि भएन भन्नेभन्दा निर्देशन कार्यान्वयन भयो कि भएन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

**निरन्तर निगरानी आवश्यक**

बजार अनुगमन कुनै निश्चित दिन केही पसलमा पुगेर कैफियत खोज्ने काममा मात्र सीमित हुनु हुँदैन । बजारमा मूल्यको अवस्था निरन्तर अध्ययन गर्ने प्रणाली आवश्यक छ । कुन वस्तुको मूल्य किन बढ्यो ? आयात मूल्य कति हो ? ढुवानी खर्च कति थपियो ? व्यापारीको खरिद मूल्य कति हो ? उपभोक्ताले कति मूल्य तिरिरहेका छन् ? यस्ता प्रश्नको तथ्यमा आधारित अध्ययन हुनुपर्छ । सरकारसँग सूचना र तथ्यांकको पहुँच बलियो भयो भने अस्वाभाविक मूल्यवृद्धि पहिचान गर्न सजिलो हुन्छ । डिजिटल प्रणालीमार्फत प्रमुख दैनिक उपभोग्य वस्तुको खरिद तथा बिक्री मूल्यको निगरानी गर्न सकिने व्यवस्था पनि विकास गर्न सकिन्छ । यसले इमानदार व्यवसायीलाई सहयोग गर्छ र गलत तरिकाले मूल्य बढाउनेलाई नियन्त्रण गर्न सहज हुन्छ । महँगीको सम्पूर्ण दोष व्यवसायीमाथि लगाएर समस्या समाधान हुँदैन । व्यवसाय सञ्चालनमा लागत हुन्छ, कर तिर्नुपर्छ, ढुवानी खर्च हुन्छ, श्रम खर्च हुन्छ र अन्य प्रशासनिक लागत हुन्छ । त्यसैले व्यवसायीले उचित नाफा लिनु स्वाभाविक हो । तर, संकटको समयमा अत्यावश्यक वस्तुको कृत्रिम अभाव सिर्जना गर्ने, सामान लुकाउने, अस्वाभाविक मूल्य बढाउने वा उपभोक्ताको बाध्यताको फाइदा उठाउने प्रवृत्ति भने कुनै अवस्थामा स्वीकार्य हुनुहुँदैन । व्यवसायी र सरकारबीच विश्वासको वातावरण आवश्यक छ । सरकार नियमनकारी भूमिकामा दृढ हुनुपर्छ भने व्यवसायीले आफ्नो सामाजिक उत्तरदायित्व बुझ्नुपर्छ । महँगी नियन्त्रण गर्न तत्कालीन अनुगमनसँगै दीर्घकालीन रणनीति आवश्यक छ । नेपालले खाद्यान्न, तरकारी, फलफूल, पशुपक्षीजन्य उत्पादनलगायत क्षेत्रमा आत्मनिर्भरता बढाउनसके आयातजन्य मूल्यको दबाब कम गर्न सकिन्छ । किसानले उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले उचित मूल्यमा वस्तु पाउनेबीचको सन्तुलन कायम गर्नसके बजारमा देखिएको ठूलो समस्या समाधान हुनसक्छ । उत्पादक र उपभोक्ताबीचको मूल्य अन्तर किन यति धेरै छ भन्ने विषयमा अध्ययन गर्नुपर्छ । बिचौलियाको भूमिका, ढुवानी लागत, भण्डारण व्यवस्था र बजार संरचनालाई सुधार नगरी महँगी नियन्त्रण गर्न कठिन हुन्छ । एउटा सामान्य परिवारले महिनाको आम्दानीबाट सहज रूपमा घर चलाउनसक्छ कि सक्दैन भन्ने कुराले सरकारको प्रभावकारिता देखाउँछ । जनताको भान्सामा महँगीको दबाब कम भएको दिन सरकारका प्रयासको वास्तविक परिणाम देखिनेछ । बजारमा ग्यास सहज भएको, खाद्यान्नको मूल्य स्थिर भएको, तरकारीको मूल्य पहुँचभित्र आएको र पेट्रोलियमको मूल्यका कारण अन्य वस्तुको मूल्य अनियन्त्रित रूपमा नबढेको अवस्था सिर्जना गर्नसक्नु नै अहिलेको मुख्य चुनौती हो । प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउन आवश्यक छ । महँगी कुनै एउटा मन्त्रालयको मात्र समस्या होइन । समग्र अर्थतन्त्र, उत्पादन, आपूर्ति, बजार, आयात र उपभोक्ता अधिकारसँग जोडिएको विषय हो । त्यसैले सरकार, निजी क्षेत्र, व्यवसायी, उत्पादक र उपभोक्ता सबैको सहकार्य आवश्यक छ । नागरिकले खोजेको धेरै ठूलो कुरा होइन-आफ्नो श्रमबाट प्राप्त आम्दानीले सम्मानपूर्वक जीवन चलाउनसक्ने अवस्था हो । भान्सामा आवश्यक सामान किन्न सकियोस्, ग्यासका लागि अनावश्यक भौँतारिनु नपरोस्, बजारमा मूल्यको मनोमानी नहोस् र सरकारले समस्या पर्दा जनताको साथमा उभिएको अनुभूति दिलाओस् । महँगी नियन्त्रणको वास्तविक परीक्षा यही हो-सरकारको निर्णय कागजमा होइन, जनताको भान्सामा देखिनुपर्छ ।

**जनताको भान्सा नै सरकारको परीक्षास्थल**

दैनिक उपभोग्य वस्तुको मूल्य निरन्तर बढिरहने अवस्थाले सबैभन्दा ठूलो भार निम्न तथा मध्यम वर्गमाथि पार्छ । सीमित आम्दानीमा घरखर्च, शिक्षा, स्वास्थ्य, यातायात र अन्य आधारभूत आवश्यकता धान्नुपर्ने परिवारका लागि हरेक दिन बढ्ने मूल्य केवल आर्थिक विषय होइन, जीवनयापनकै चुनौती बन्नपुग्छ । त्यसैले यस्तो अवस्थामा सरकारले बजारलाई पूर्णत: स्वतन्त्र छाड्ने होइन, निष्पक्ष, प्रभावकारी र जिम्मेवार नियमनकारी भूमिका निर्वाह गर्नुपर्छ । अब सरकारको प्राथमिकता नागरिकको दैनिक जीवन सहज बनाउनेतर्फ केन्द्रित हुनुपर्छ । बजारमा नियमित र प्रभावकारी अनुगमन हुनुपर्छ । अनुगमन देखावटी नभई परिणाममुखी हुन आवश्यक छ । कालोबजारी, कृत्रिम अभाव, मूल्यमा मनोमानी तथा उपभोक्ता ठगी गर्ने प्रवृत्तिविरुद्ध कानुन अनुसार कठोर कारबाही हुनुपर्छ । आवश्यक वस्तुको आपूर्ति सहज र नियमित बनाउन सरकारले बजारको माग तथा आपूर्तिको अवस्था निरन्तर निगरानी गर्नुपर्छ । त्यसैगरी, कर नीति पनि उपभोक्तामैत्री बनाउने विषयमा सरकारले पुनर्विचार गर्नुपर्ने समय आएको छ । व्यवसाय सञ्चालन गर्नु र उचित नाफा कमाउनु स्वाभाविक हो । तर, संकट र महँगीको समयमा असामान्य नाफालाई प्राथमिकता दिएर उपभोक्ताको बाध्यताको फाइदा उठाउनु उचित हुँदैन । व्यवसायीले नाफासँगै आफ्नो सामाजिक उत्तरदायित्वलाई महत्त्व दिनुपर्छ । बजारमा केही कारणले मूल्यवृद्धि हुनु अस्वाभाविक होइन । उत्पादन लागत, ढुवानी, अन्तर्राष्ट्रिय बजार, विनिमय दर तथा आपूर्ति प्रणालीमा आउने परिवर्तनले मूल्यमा प्रभाव पार्नसक्छ । नियन्त्रित र पारदर्शी बजार सुशासनको संकेत हो भने नियन्त्रणविहीन मूल्यवृद्धि राज्यको कमजोर उपस्थितिको संकेत बन्नसक्छ । त्यसैले सरकारले अहिले नै प्रभावकारी हस्तक्षेप गर्न आवश्यक छ । महँगीलाई केवल आर्थिक तथ्यांकका रूपमा हेरेर पुग्दैन, यसको प्रत्यक्ष असर नागरिकको भान्सा, जीवनशैली र भविष्यप्रतिको विश्वासमा पर्छ । समयमै प्रभावकारी कदम चाल्न नसकिए महँगीले आर्थिक समस्यामात्र निम्त्याउने छैन, यसले जनअसन्तुष्टि बढाउने र सामाजिक अस्थिरताको जोखिमसमेत पैदा गर्नसक्छ । त्यसैले सरकार, निजी क्षेत्र र सम्बन्धित सबै निकायले मिलेर बजारलाई अनुशासित, पारदर्शी र उपभोक्तामैत्री बनाउन ढिला गर्नुहुँदैन । जनताको भान्सा सुरक्षित गर्नु नै आजको सबैभन्दा ठूलो आर्थिक र राजनीतिक जिम्मेवारी हो ।

***-इहिमालयन डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। सकेसम्म व्यस्त रहने प्रयास गर्नुहोस्। | **तुला**: रोकिएका काम सम्पादन हुनेछन्। मनमा शान्ति र उत्साह रहनेछ। |
| **वृष** : इच्छा अनुरुप फलको प्राप्ति हुनेछ। निजी काममा भागदौड धेरै रहनेछ। | **वृश्चिक** : कार्यक्षेत्रमा राम्रो सद्भाव पाइनेछ। स्वास्थ्यमा पेटसम्बन्धी समस्या रहनेछ। |
| **मिथुन** : आम्दानीका स्रोतहरू फेला पर्नेछन्। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। | **धनु** : लगनशीलताले उपलब्धि प्राप्त हुनेछ। कार्यक्रममा सम्मिलित हुन सक्नुहुनेछ। |
| **कर्कट** : व्यापार व्यवसायमा लाभ रहनेछ। लापरवाहीले गर्दा हानि हुने सम्भावना छ। | **मकर** : सम्मान प्राप्तिको लागि संघर्ष गर्नुपर्ला। आर्थिक पक्ष सबल रहनेछ। |
| **सिंह** : मेहनतीहरूका लागि समय उत्साहजनक रहनेछ। शत्रुहरू हार खानेछन्। | **कुम्भ**: कार्यमा बाधा आउन सक्छ। प्रतिफल पाउनको लागि धेरै खट्नुपर्ला। |
| **कन्या** : परिवारिक समस्याको सामना गर्नुपर्ने हुन्छ। भौतिक सुविधामा धन खर्च हुनेछ। | **मीन** : कुनै पनि कुरामा हतार नगर्नुहोस्। आन्तरिक सम्बन्धमा मधुरता आउनेछ। |

## विज्ञान/सूचना प्रविधि

# पृथ्वीको भित्री तहमा पग्लिएको फलामको बहावले बदल्यो दिशा



पृथ्वीको चुम्बकीय क्षेत्र मुख्यतया जमिनमुनि ३००० किलोमिटर रहेको बाहिरी कोरको पग्लेको फलामको बहावले बनाउँछ । यो तरल फलामले बिजुलीको प्रवाह उत्पन्न गर्छ । यसैले पृथ्वीमा लगातार बदलिरहने इलेक्ट्रोम्याग्नेटिक फिल्ड बन्छ । पृथ्वीको बाहिरी कोर सतहभन्दा करिब २२०० किलोमिटर मुनि छ । यो बिजुली प्रवाह गर्ने तरल फलामले चुम्बकीय क्षेत्र बनाउन मद्दत गर्छ । धेरै वर्षसम्म वैज्ञानिकहरूले बाहिरी कोरको धेरैजसो भाग पश्चिमतर्फ बहिरहेको निष्कर्ष निकालेका थिए । यो ढाँचा सन् २०१० मा अचानक बदलियो । प्रशान्त महासागरको मुनि पग्लेको फलामको ठूलो भाग पश्चिमतर्फ बहनुको साटो पूर्वतर्फ बहन थाल्यो । वैज्ञानिकहरूले अझै पनि यो दिशा परिवर्तनको कारण पत्ता लगाउन सकेका छैनन् । युरोपेली स्पेस एजेन्सी (इएसए) का स्याटेलाइटहरूबाट प्राप्त डाटाहरूले अनुसन्धानकर्ताहरूलाई यो घटनाको अध्ययन गर्न मद्दत गरेका छन् । जर्नल अफ स्टडीज अफ अर्थ्स डिप इन्टेरियरमा प्रकाशित अध्ययनमा सन् १९९७ देखि २०२५ सम्मका स्याटेलाइट र जमिनका तथ्याङ्कहरू प्रयोग गरिएको छ । यस अध्ययनमा इएसएको स्वार्म र क्रायोस्याट मिसनका साथै जर्मनीको च्याम्प र ओर्स्टेड मिसनको डाटा प्रयोग गरिएको छ । विश्लेषणले सन् २०१० मा प्रशान्त महासागरको मुनि रहेको फलामको बहाव पूर्वतर्फ मोडिएको देखाएको छ । वैज्ञानिकहरूले बाहिरी कोरको बहावलाई स्थिर मान्दै आएका थिए। यो अचानक भएको परिवर्तनले यो प्रणाली पहिले सोचिएभन्दा धेरै छिटो बदलिन सक्ने देखाउँछ । यो अध्ययनका मुख्य लेखक युनिभर्सिटी अफ एडिनबर्गका फ्रेडरिक डाहल म्याडसेनले भने, 'प्रशान्त महासागर मुनिको ठूलो बहाव परिवर्तनले पृथ्वीको भित्री तहको व्यवहारबारे नयाँ प्रश्नहरू उठाएको छ । वैज्ञानिकहरू अब यो परिवर्तन छोटो समयको उतारचढाव हो वा कुनै दोहोरिने चक्र हो भन्ने बुझ्न चाहन्छन् । आउँदा वर्षहरूमा यो बहाव कसरी विकसित हुन्छ भन्ने निर्धारण गर्न लगातार अनुगमन आवश्यक हुनेछ ।' म्याडसेनले सन् २०२० देखि प्रशान्त महासागर मुनिको बलियो पूर्वी बहाव कमजोर भएको बताएका छन् । उनले थपे, 'प्रशान्त महासागरमा बलियो पूर्वी बहावको उदय भित्री कोरको व्यवहारमा आएको परिवर्तनसँगै भएको छ । हामी यी भित्री परिवर्तनहरू प्रशान्त महासागर मुनिको बहावको परिवर्तनसँग जोडिएका छन् भन्ने हाइपोथेसिस बनाउँछौं ।' इएसएले सन् २०१३ मा तीनवटा स्वार्म स्याटेलाइटहरू लन्च गरेको थियो । यिनीहरूमा रहेका म्याग्नेटोमिटरले पृथ्वीको चुम्बकीय क्षेत्रलाई सटीक रूपमा नाप्न सक्छन् । यी स्याटेलाइटहरूले बाहिरी कोर, क्रस्ट र महासागरबाट आउने चुम्बकीय सङ्केतहरूलाई छुट्ट्याउन मद्दत गर्छन् । इएसएको स्वार्म मिसन म्यानेजर अन्जा स्ट्रोम्मेले भनिन्, 'स्वार्म सन् २०११० को नाटकीय परिवर्तन पछि लन्च गरिएको भए पनि यसले त्यसपछिको अवधिबारे उच्च-सटीक डाटा प्रदान गरेको छ । महत्त्वपूर्ण कुरा के छ भने, स्वार्मले धेरै वर्षसम्म लगातार विश्वव्यापी कभरेज प्रदान गर्दछ । यसले वैज्ञानिकहरूलाई समयसँगै कोरको गतिशीलता कसरी विकसित हुन्छ भनेर ट्र्याक गर्न अनुमति दिन्छ ।' स्याटेलाइटको नापले यो पूर्वतर्फको बहाव अहिले कमजोर भइरहेको देखाएको छ। यसले यो परिवर्तन अस्थायी वा कुनै प्राकृतिक चक्रको भाग हुन सक्ने सम्भावना बढाउँछ । यी घटनाहरू धेरै मुनि हुने भएकाले मानिस वा जलवायुलाई कुनै खतरा पुऱ्याउँदैनन् । बाहिरी कोरमा हुने तरल फलामको गतिले चुम्बकीय क्षेत्र बनाउँछ । यो क्षेत्रले पृथ्वीलाई सूर्यको हानिकारक विकिरणबाट जोगाउँछ । यो चुम्बकीय क्षेत्र नभए पृथ्वीको वायुमण्डल र प्रविधि प्रणालीहरूमा ठूलो असर पर्नेछ । इएसएको स्वार्म मिसन वैज्ञानिक एलिसाबेट्टा इयोर्फिडाले भनिन्, 'यो अध्ययनले क्षेत्रीय परिवर्तनहरू एक दशक भित्रै छिटो देखा पर्न सक्छन् भन्ने देखाउँछ । निष्कर्षहरूले वैज्ञानिकहरूलाई पृथ्वीको बाहिरी कोर, भित्री कोर र तल्लो म्यान्टल बिचको सम्भावित अन्तरक्रियाहरूको अनुसन्धान गर्न मद्दत गर्न सक्छन् । यसले कोर-म्यान्टल बाउन्ड्रीबारे थप जानकारी दिन्छ ।' उनले थपेकी छिन्, 'यो अनुसन्धानले पृथ्वीका सबैभन्दा गहिरा तहहरू कसरी जोडिएका छन् भन्नेबारे रोचक प्रश्नहरू उठाउँछ । स्याटेलाइट मिसनहरूले पृथ्वीको कोर पहिले सोचिएभन्दा धेरै परिवर्तनशील र जटिल हुन सक्ने देखाएका छन् ।'

*-अनलाइन खबर डटकम*

# एआईबाट हुने 'भ्वाइस स्क्याम' रोक्न के गर्ने ?




आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को बढ्दो प्रयोगसँगै अपराधीहरूले मानिसको आवाज हुबहु नक्कल गरेर ठगी गर्ने नयाँ तरिका अपनाउन थालेका छन् । प्रविधिको सहयोगले प्रियजनको आवाज बनाएर गरिने यस्ता 'डिपफेक' स्क्यामबाट बच्न विज्ञहरूले 'सेक्रेट कोडवर्ड' (गोप्य शब्द) राख्न सुझाव दिएका छन् । यस्तै एउटा भयावह घटना अमेरिकाको न्युयोर्ककी एलिजाबेथ बेन्जले भोगेको खबर बीबीसीमा छापिएको छ । सन् २०२५ को सेप्टेम्बरमा उनलाई एउटा फोन आयो, जसमा उनका १६ वर्षीय छोरा जोन रोइरहेका थिए । उनले अत्तालिँदै आफ्नो साथी मारिएको र आफू पनि खतरामा रहेको बताए । लगत्तै एक अपरिचित व्यक्तिले फोन लिएर ७,५०० डलर नदिए छोरालाई मारिदिने धम्की दिए । अत्तालिएकी एलिजाबेथ पैसा बुझाउन गाडी लिएर निस्किइन् । तर, अन्तिम समयमा उनका अर्का छोराले जोनलाई सम्पर्क गर्दा उनी फुटबल खेल हेरिरहेको र सुरक्षित रहेको पाइयो । त्यो फोनमा सुनिएको आवाज जोनको नभई एआईले बनाएको नक्कली आवाज थियो । एआई सुरक्षा विज्ञ हानी फरिदका अनुसार यस्ता स्क्यामहरू अहिले संसारभर तीव्र रूपमा फैलिरहेका छन् । तथ्याङ्कअनुसार सन् २०२५ मा अमेरिकामा मात्रै अनलाइन ठगीबाट करिब १४८ अर्ब डलर नोक्सान भएको छ, जसमा एआईमार्फत गरिएका ठगीको हिस्सा ६ अर्ब डलरभन्दा बढी छ । फरिद भन्छन्, 'डिपफेक यति वास्तविक हुन्छ कि मानिसले आफ्नै इन्द्रियहरूलाई विश्वास गर्न सक्दैनन् । यसबाट बच्ने सबैभन्दा सजिलो र अचुक उपाय भनेको परिवारभित्र एउटा गोप्य शब्द तय गर्नु हो । विज्ञहरूका अनुसार परिवारका सदस्यहरूले एउटा यस्तो शब्द वा 'इनसाइड जोक' छान्नुपर्छ जुन अरू कसैलाई थाहा नहोस् । जब कुनै संकटको फोन आउँछ, पैसा पठाउनु वा अत्तालिनुअघि उक्त कोडवर्ड सोधेर पहिचान सुनिश्चित गर्नुपर्छ । यद्यपि, एलिजाबेथको घटनामा उनको परिवारसँग कोडवर्ड भए तापनि त्रासको बेला उनले त्यो सोध्न बिर्सिएकी थिइन् । यसले के देखाउँछ भने केवल कोडवर्ड राखेर मात्र पुग्दैन, संकटको बेला शान्त रहने मानसिक तयारी पनि उत्तिकै आवश्यक छ ।स्क्याम(सेफ्टी एड्भोकेट गेरी शिल्डहर्नले ठगहरूले प्रयोग गर्ने तीनवटा मुख्य लक्षणहरू औंल्याएका छन् । पहिलो, उनीहरूले सधैं हतार गराउँछन् ताकि तपाईंलाई सोच्ने समय नमिलोस् । दोस्रो, उनीहरूले बिटक्वाइन, गिफ्ट कार्ड वा नगद जस्ता ट्र्याक गर्न नसकिने माध्यमबाट पैसा माग्छन् । र तेस्रो, उनीहरूले तपाईंलाई अन्य व्यक्तिसँग कुरा गर्न वा सल्लाह लिनबाट रोक्न खोज्छन् । विज्ञहरूले हरेक केही महिनामा परिवारसँग बसेर यस्ता सुरक्षाका उपाय र कोडवर्डबारे छलफल गर्न सल्लाह दिएका छन् ।

*-सेतोपाटी डटकम*

# एआईले जन्मायो नयाँ भाइरसः वरदान सावित होला या खतरा ?



अमेरिकी अनुसन्धानकर्ताहरूका अनुसार प्रयोगशालामा पूर्ण रूपमा सक्रिय रहने र आफैं वृद्धि हुन सक्ने नयाँ भाइरसहरू बनाउन आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग गरिएको छ । एआईद्वारा पहिलो पटक सम्पूर्ण जिनोम सफलतापूर्वक डिजाइन गरिएको हो । यसरी बनाइएका १६ वटा नयाँ भाइरस ब्याक्टेरियालाई मात्र सङ्क्रमण गर्नका लागि तयार पारिएका हुन् । यी भाइरसले मानिसलाई कुनै असर गर्दैनन् । यस उपलब्धिलाई विज्ञानको क्षेत्रमा एउटा 'अति महत्त्वपूर्ण मोड' मानिएको छ । यसले रोगको उपचारमा नयाँ युगको सुरुवात गर्न सक्छ । तर विज्ञहरूले एआईबाट डिजाइन गरिएका भाइरसले गम्भीर सुरक्षा चुनौती पनि निम्त्याउन सक्ने चेतावनी दिएका छन् । एआई प्रविधि तीव्र रूपमा अघि बढिरहेको छ र नयाँ एन्टिबायोटिक बनाउन यसको प्रयोग भइसकेको छ । तर शून्यबाटै एउटा नयाँ र सक्रिय भाइरस डिजाइन गर्नुको तुलनामा त्यो काम निकै सजिलो थियो । स्ट्यानफोर्ड विश्वविद्यालयका सहायक प्राध्यापक ब्रायन हीले भने, 'जेनेरेटिभ एआईबाट डिजाइन गर्न सकिने जटिलताको यो अर्को चरण हो । जेनेरेटिभ एआईको प्रयोग गरेर पहिलो पटक सम्पूर्ण जिनोम डिजाइन गरिएको छ । यो कोषिकाभित्र आफैं वृद्धि हुन र अन्य काम गर्न पनि सक्षम छ... यो हाम्रा लागि नयाँ क्षेत्र थियो ।' यो प्रविधिले च्याटजिपिटी जस्ता लार्ज ल्याङ्ग्वेज मोडलले जस्तै काम गर्छ । च्याटजिपिटीले शब्दहरूको अनुमान गर्छ । तर यस अवस्थामा इभो१ (Evo!) र इभोर (Evo@) भनिने एआई मोडलले शब्दको सट्टा जीवनको भाषा अनुमान गर्छन् । यी एआई मोडलहरूलाई भाइरस, ब्याक्टेरिया, वनस्पति र मानिसको आनुवंशिक कोडको आधारमा तालिम दिइएको थियो । त्यसपछि निश्चित प्रजातिका ब्याक्टेरियालाई मात्र सङ्क्रमण गर्ने 'ब्याक्टेरियोफेज' नामक भाइरस उत्पादन गर्न तिनलाई थप परिष्कृत गरियो । स्ट्यानफोर्डका अनुसन्धानकर्ताहरूले उत्कृष्ट ३०२ वटा एआई डिजाइनहरू छानेर प्रयोगशालामा परीक्षण गरेका थिए । तीमध्ये १६ वटा डिजाइन ई. कोलाई (ई. अयषि) ब्याक्टेरियालाई मार्न प्रभावकारी सावित भए । प्रयोगशालाका विद्यावारिधिका विद्यार्थी स्यामुअल किङका अनुसार बिहान सबेरै उनीहरूले फेजले काम गरिरहेको थाहा पाएका थिए । वैज्ञानिकहरूले ब्याक्टेरियाको तह बढिरहेको पेट्री डिसमा फेजलाई राखेका थिए । त्यसपछि उनीहरू नयाँ भाइरसले ब्याक्टेरिया खाइरहेको सङ्केत पर्खिरहेका थिए । 'हामीले ती सफा दागहरू देख्न थालेका थियौं र यो निकै रोमाञ्चक थियो,' किङ भन्छन् । उक्त परिणाम सम्पूर्ण टोलीलाई सुनाउँदा 'कोठामा स्वतःस्फूर्त रूपमा ताली गुन्जिएको' कुरा ही सम्झन्छन् । नयाँ फेजको विकासले एन्टिबायोटिकले छुन छाडेका सङ्क्रमणहरूको उपचार गर्ने नयाँ तरिका पत्ता लाग्न सक्छ । तर यो उपलब्धिले एआई प्राकृतिक संसारभन्दा बाहिर गएर नयाँ जीवविज्ञान डिजाइन गर्न पनि सक्षम रहेको सङ्केत गर्छ । यसलाई सिन्थेटिक बायोलोजी अर्थात् कृत्रिम जीवविज्ञान भनिन्छ । नयाँ औषधि र उपचार पद्धतिको विकास गरेर यसले 'मानव स्वास्थ्यमा व्यापक सुधार ल्याउन' सक्ने सम्भावना रहेको हीको तर्क छ । तर यही प्रविधिको दुरुपयोग गरेर नयाँ रोगहरू निम्त्याउन सकिने भन्दै चिन्ता व्यक्त गर्न थालिएको छ । साइन्स जर्नलमा प्रकाशित लेखसँगै जोन्स हप्किन्स विश्वविद्यालयको स्वास्थ्य सुरक्षा केन्द्रका डा. थोमस इङ्गल्सबी र डा. मोरिट्ज हान्केले एक टिप्पणी लेखेका छन् । उक्त टिप्पणीमा उनीहरूले यी अनुसन्धान परिणामले 'अति जरुरी जैविक सुरक्षाका प्रश्नहरू' खडा गरेको बताएका छन् । अब प्रश्न 'जेनेरेटिभ भाइरल जिनोम डिजाइन सम्भव छ वा छैन' भन्ने नरहेको उनीहरूको भनाइ छ । बरु 'गम्भीर नोक्सानी नपुऱ्याई' यसको प्रयोग गर्न सकिन्छ वा सकिँदैन भन्ने कुरा मुख्य रहेको उनीहरूले बताएका छन् । उदाहरणका लागि, रोग निम्त्याउन सक्ने नयाँ भाइरसहरूको अनुसन्धान अघि बढाउन नहुने उनीहरूले प्रस्ट पारे । अनुसन्धानकर्ता आफैँले पनि सुरक्षालाई उच्च प्राथमिकतामा राखेर कदम चालेका थिए । उनीहरूले जटिल जीवहरूलाई सङ्क्रमण गर्न सक्ने भाइरसलाई तालिमको डाटाबेसबाट हटाएका थिए । मानिसलाई असर गर्ने भाइरसको सट्टा फेजमा मात्रै अनुसन्धान गरिएको थियो र यो सम्पूर्ण काम एउटा सुरक्षित प्रयोगशालाभित्र भएको थियो । हाल कायम रहेका सुरक्षा उपायहरूले मात्रै पनि यो प्रविधिको सही सदुपयोग सुनिश्चित गर्न ठूलो मद्दत गर्ने हीको तर्क छ ।

**कम्प्युटर बिट्सदेखि अणुसम्म**

भाइरसहरू जीवित हुँदैनन् । एआईले जीवित जीवहरू उत्पादन गर्नका लागि अझै अर्को ठूलो फड्को मार्नुपर्ने हुन्छ । फेजको जेनेटिक कोड करिब ५,४०० बेस पेयर लामो हुन्छ । एउटा जीवित कोषिकाको सबैभन्दा सानो जिनोम करिब ५ लाख बेस पेयरको हुन्छ। त्यस्तै, मानव जिनोम ३ अर्ब बेस पेयरको हुन्छ । सामान्य जीवहरू बनाउने प्रयास गर्नु सायद निकै गाह्रो काम भए पनि असम्भव भने नभएको ही बताउँछन् । उनीहरू त्यसतर्फ काम गर्न पक्कै पनि इच्छुक रहेको उनको भनाइ छ । स्पेनस्थित पोम्पेउ फाब्रा विश्वविद्यालयको सिन्थेटिक बायोलोजी प्रयोगशालाका प्राध्यापक मार्क गुएलले यस अध्ययनलाई 'अति महत्त्वपूर्ण मोड' भनेका छन् । 'इतिहासमै पहिलो पटक हामीले कम्प्युटरमा जीवविज्ञानको डिजाइन गर्न सुरु गरेका छौं,' उनले भने । यसले मानवताका सबैभन्दा ठुला चुनौतीहरूको सामना गर्ने रोमाञ्चक सम्भावनाहरूको सपना देख्न अनुमति दिएको उनले बताए । यसअन्तर्गत रोगविरुद्ध लड्न फेजको विकास गर्ने, वंशाणुगत रोगहरूको उपचार गर्न इन्जाइमहरू बनाउने र इम्युनोथेरापीमा प्रयोग गर्न सकिने एन्टिबडीहरू निर्माण गर्ने जस्ता कामहरू पर्छन् । म्यानचेस्टर इन्स्टिच्युट अफ बायोटेक्नोलोजिका सिन्थेटिक जिनोमिक्सका अध्यक्ष प्राध्यापक प्याट्रिक काइले यो अध्ययन एउटा 'महत्त्वपूर्ण कोसेढुङ्गा' भएको बताएका छन् । 'यसको महत्त्व फेजभन्दा पनि धेरै परसम्म फैलिएको छ । जिनोम ल्याङ्ग्वेज मोडलहरूले विकासक्रमद्वारा निर्धारित डिजाइनका सिद्धान्तहरू सिक्न थालेको यसले सङ्केत गर्छ । यसले एआईको सहायतामा जिनोम लेख्ने बाटो खुला गरेको छ,' उनले भने ।

*-रातोपाटी डटकम*

# फिरिरी एपः मोबिलिटीदेखि शिक्षाका दर्जनौं सेवा




नेपालमै विकसित मल्टि-सर्भिस सुपर एप 'फिरिरी' ले आफ्नो सेवा औपचारिक रूपमा शुरू गरेको छ । दैनिक जीवनमा आवश्यक पर्ने विभिन्न सेवाहरूलाई एउटै डिजिटल प्लेटफर्ममा एकीकृत गर्दै 'फिरिरी भेन्चर्स प्रा. लि.' ले यसलाई पूर्ण 'अल-इन-वन' इकोसिस्टमका रूपमा बजारमा ल्याएको हो । यो एपको शुरूआतसँगै अब प्रयोगकर्ताले फरक-फरक कामका लागि धेरै एप डाउनलोड गर्नुपर्ने झन्झटबाट मुक्ति पाउने अपेक्षा गरिएको छ । फिरिरी सुपर एपभित्र राइड-सेयरिङ, फुड डेलिभरी, ग्रोसरी तथा मार्केटप्लेस, पार्सल तथा लजिस्टिक्स जस्ता आधारभूत सेवाहरू समावेश छन् । यसका साथै होटल तथा ट्राभल बुकिङ, डिजिटल भुक्तानी, रियल स्टेट सेवा, र घरायसी मर्मतका लागि 'ह्यान्डिम्यान' सेवा पनि उपलब्ध गराइएको छ । मनोरञ्जन र शिक्षालाई समेत प्राथमिकता दिँदै एपमा अन-डिमाण्ड चलचित्र र डिजिटल लर्निङ प्लेटफर्म समेत एकीकृत गरिएको छ, जसले गर्दा प्रयोगकर्ताले एउटै एपमार्फत विविध सुविधाहरू छिटो र सहज रूपमा उपभोग गर्न सक्नेछन् । स्वदेशी प्रविधिलाई बढावा दिने उद्देश्यले निर्माण गरिएको यो प्लेटफर्मले स्थानीय व्यवसाय, सेवा प्रदायक, फ्रीलान्सर र शिक्षकहरूलाई डिजिटल रूपमा जोड्ने लक्ष्य राखेको छ । विदेशी एपहरूको प्रभाव बढ्दै गएको वर्तमान अवस्थामा फिरिरीले नेपाली प्रयोगकर्ताका लागि भरपर्दो स्वदेशी विकल्प दिँदै देशभित्रै आर्थिक मूल्य सिर्जना गर्ने दाबी गरेको छ ।

*-हाम्रा कुरा डटकम*

# छुट्टाछुट्टै दुर्घटनामा तीनको मृत्यु

**पाल्पा,** साउन २५/ देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार

रूपन्देहीको ओमसतिया गाउँपालिका-१ लखन चोकस्थित सडकमा रोकी राखेको लु.२ ख २८७६ नम्बरको ट्रकमा बुटवलबाट भैरहवातर्फ आउँदै गरेको लु.५६ प ९०९७ नम्बरको मोटरसाइकल ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक हाल नाम, थर र वतन नखुलेका अन्दाजी २५ वर्षीय पुरूषको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै चितवनको खैरहनी नगरपालिका-१ शाहीचोकस्थित सडकमा महोत्तरीबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र -०३-००१ ख २७२८ नम्बरको बसको ठक्करबाट पैदलयात्री हाल नाम, थर र वतन नखुलेका अन्दाजी ३५ वर्षीय पुरूषको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको सरकारी अस्पताल भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै झापाको कन्काई नगरपालिका-७ दुर्गापुर बजारस्थित सडकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्री अर्जुनधारा नगरपालिका-९ बस्ने ५० वर्षीया मिरा देवी गौतमको मृत्यु भएको छ ।

# पाल्पाली ढाकाको नयाँ...

...पुरानो बुनाइ प्रविधि र मौलिक पहिचान जोगाउँदै त्यसलाई नयाँ पुस्ताको रुचि र अन्तर्राष्ट्रिय बजारको मागसँग जोड्न सके मात्रै ढाकाको यात्रा अझ लामो बन्ने उनको बुझाइ छ । “पाल्पाली ढाका उत्पादन मात्र होइन, पाल्पाको पहिचान, पुस्तौँदेखिको सीप र स्थानीय समुदायको जीविकासँग जोडिएको सम्पदा हो,” रायमाझी भन्छन् । यही सम्पदालाई नयाँ पुस्ताको बजारसँग जोड्दै थप रोजगारी सिर्जना गर्ने र ढाकालाई राष्ट्रिय ब्रान्ड बनाउने दिशामा आफु लागेको उनको भनाई छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको कसेनी गाविस-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं.2700193 का NK डिल बहादुर थापा (ना.प्र.मा डिल बहादुर दर्लामी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा खगी माया थापा र जन्म मिति सन् १९५१ जनवरी १७ (वि.स.२००७/१०/०४) र नेपाली नागरिकता प्रमाणपत्रमा खगी माया दर्लामी, जन्म मिति वि.स. २०१०/०८/१० (सन् १९५३ नोभेम्वर २५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-९, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं.5448444 K का हवलदार अमर बहादुर थापा (ना.प्र.मा अम्बर बहादुर गाहा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा भगवति देवी थापा र जन्म मिति सन् १९६२ जुलाई १० (वि.स.२०१९/०३/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा भगवति गाहा, जन्म मिति वि.स. २०१८/०४/२४ (सन् १९६१ अगष्ट ८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको बौघागुम्हा गाविस-४, हाल तानसेन नगरपालिका-१३ निवासी भारतिय भू.पू.सैनिक नं. JC, 612556 N का Sub/Hony capt प्रेम बहादुर राना (ना.प्र.मा प्रेम बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा चन्द्र कला राना र जन्म मिति सन् १९६७ जुलाई १५ (वि.स.२०२४/०३/३१) र नेपाली नागरिकता प्रमाणपत्रमा चिनीसरा राना भन्ने चन्द्रकला राना, जन्म मिति वि.स. २०२२/०९/०९ (सन् १९६५ डिसेम्वर २४) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-९, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5450045A का हवलदार राम बहादुर थापा (ना.प्र.मा राम बहादुर गाहा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा दमन्ती सरा थापा र जन्म मिति सन् १९६९ सेप्टेम्वर १० (वि.स.२०२६/०५/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा दमन्ती गाहा, जन्म मिति वि.स. २०२५/०६/०७ (सन् १९६८ सेप्टेम्वर २२) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको झडेवा गाविस-६, हाल माथागढी गाउँपालिका-४ निवासी भारतिय भू.पू.सैनिक नं.5039010 P का हवलदार तुल बहादुर थापा (ना.प्र.मा तुल बहादुर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मति सरा थापा र जन्म मिति सन् १९५४ मार्च १५ (वि.स.२०१०/१२/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा मति सरा सारु, जन्म मिति वि.स. २०१६/०८/२० (सन् १९५९ डिसेम्वर ५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको कसेनी गाविस-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं.5751048 X का NK मनविरथापा (ना.प्र.मा मनविर लम्तरी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा उमा देवी र जन्म मिति सन् १९६५ फेब्रअरी २५ (वि.स.२०२१/११/१४) र नेपाली नागरिकता प्रमाणपत्रमा उमा देवी लम्तरी, जन्म मिति वि.स. २०१९/१०/०५ (सन् १९६३ जनवरी १८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-१, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं.5243615 X का हवलदार चित्र बहादुर झेडी (ना.प्र.मा लाल बहादुर झेडी मगर भन्ने चित्र बहादुर झेडी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा देवि सरा र जन्म मिति सन् १९६१ मार्च ३ (वि.स.२०१७/११/२०) र नेपाली नागरिकता प्रमाणपत्रमा देवि सरा झेडी, जन्म मिति वि.स. २०१४/०८/२२ (सन् १९५७ डिसेम्वर ७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको बौंघा पोखराथोक (बन्दिपोखरा गाविस-६), हाल तानसेन नगरपालिका-११ निवासी भारतिय भू.पू.सैनिक नं.JC 612518 X का सुवेदार टोप बहादुर थापा (ना.प्र.मा टोप बहादुर कार्की) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा कमला थापा र जन्म मिति सन् १९६७ अक्टुवर १५ (वि.स.२०२४/०६/२९) र नेपाली नागरिकता प्रमाणपत्रमा कमला कार्की, जन्म मिति वि.स. २०२५/०५/२३ (सन् १९६८ सेप्टेम्वर ७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-९, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 4351586 F का हवलदार कुल बहादुर राना (ना.प्र.मा कुल बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा विरमा कुमारी र जन्म मिति सन् १९६२ सेप्टेम्वर २६ (वि.स.२०१९/०६/१०) र नेपाली नागरिकता प्रमाणपत्रमा विरमा राना, जन्म मिति वि.स. २०१६/०७/०३ (सन् १९५९ अक्टुवर २०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको कसेनी गाविस-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. JC 618033L का NB/Sub याम बहादुर थापा (ना.प्र.मा याम बहादुर चिदी थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मनी सरा थापा र जन्म मिति सन् १९८१ अप्रिल १९ (वि.स.२०३८/०१/०७) र नेपाली नागरिकता प्रमाणपत्रमा मनी सरा चिदी थापा, जन्म मिति वि.स. २०३८/०६/०५ (सन् १९८१ सेप्टेम्वर २१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-१, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 607329K का सुवेदार लाल बहादुर झेडी (ना.प्र.मा चित्र बहादुर झेडी भन्ने लाल बहादुर झेडी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा जीन्ती र जन्म मिति सन् १९६२ अक्टुवर ५ (वि.स.२०१९/०६/१९) र नेपाली नागरिकता प्रमाणपत्रमा जीन्ती झेडी, जन्म मिति वि.स. २०२०/०८/०३ (सन् १९६३ नोभेम्वर १९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-९, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5450323F का हवलदार सन्त बहादुर थापा (ना.प्र.मा शन्त बहादुर गाहा थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा दिल कुमारी थापा र जन्म मिति सन् १९६६ नोभेम्वर १ (वि.स.२०२३/०७/१६) र नेपाली नागरिकता प्रमाणपत्रमा दिल कुमारी गाहा थापा, जन्म मिति वि.स. २०२३/०७/०३ (सन् १९६६ अक्टुवर १९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-९, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 419067 F का NB/Sub नर बहादुर थापा (ना.प्र.मा नर बहादुर गाहा थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा सुमित्रा थापा र जन्म मिति सन् १९५८ जुलाई १ (वि.स.२०१५/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा सुमित्रा गाहा थापा, जन्म मिति वि.स. २०१४/०९/२० (सन् १९५८ जनवरी ३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-६, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं.1402925Y का NK हुमान सिं राना (ना.प्र.मा हुमान सिं राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा भुमा कान्ती देवी र जन्म मिति सन् १९५८ मार्च १५ (वि.स.२०१४/१२/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा हुमकान्ती राना भन्ने भुमाकान्ती देवी राना, जन्म मिति वि.स. २०१६/१२/१६ (सन् १९६० मार्च २९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादकः रामचन्द्र रायमाझी, प्रधान सम्पादकः जगदीशप्रसाद भट्टराई